अनुसूची-१०

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

सूचनाको नमूना

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

**सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना**

सूचना नं. २

(मिति २०७९।०४।०२)

यस सडक विभागमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ दिनभित्र बोलपत्र खरिद गरी ९ औं दिनमा दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आह्वान गरिन्छ । यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ।

लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रु ६,००,४३०।-(अक्षेरुपी छ लाख चार सय तीस मात्र) रहेको छ ।